# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा व्यावसायिक कृषि तथा पशुपालन कर्जा प्रवाह कार्यक्रमको शुभारम्भ



गभर्नर डा. चिरंजीबि नेपालले माघ १६ गते नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.द्वारा रुपन्देहीको सिद्धार्थनगरमा आयोजित व्यावसायिक कृषि तथा पशुपालन कर्जा प्रवाह कार्यक्रमको शुभारम्भ गर्नुभयो । उक्त कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै गभर्नर डा. नेपालले नेपाल राष्ट्र बैंकले यस वर्षको मौद्रिक नीतिमा कृषि पेशामा संलग्न साना व्यावसायिक किसानहरूका लागि कर्जा प्रवाह सहज बनाउन लिइएको नीतिलाई नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.ले उत्साह र सक्रियतापूर्वक कार्यान्वयनमा ल्याएको कार्यको सराहना गर्नु भयो ।

मोटर बाटो नपुगेको ग्रामीण क्षेत्रमा बसोवास गर्ने कृषकहरूको व्यवसाय बढाउन वित्तीय स्रोत र साधनको पहुँच पुगोस् र समग्र कृषि क्षेत्रमा लगानी बढोस् भनेर नेपाल राष्ट्र बैंकले यस्तो नीति लिएको उहाँले उल्लेख गर्नु भयो । देशको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान उल्लेख्य रहेतापनि योगदान क्रमशः घट्दै गएको प्रसंग उठाउँदै उहाँले यसको योगदानलाई बढाउन कृषि क्षेत्रको विकासका लागि सरकारी निकाय, केन्द्रीय बैंक एवम् समग्र बैंकिङ्ग क्षेत्रको सहकार्य आवश्यक रहेको बताउनु भयो । कृषिको महत्व कहिल्यै पनि कम नहुने उल्लेख गर्दै नेपाल जस्तो कृषि प्रधान देशमा धेरै जनसंख्यालाई रोजगारी उपलव्ध गराउन कृषि क्षेत्रको विकास अपरिहार्य रहेको गभर्नर डा. नेपालले बताउनु भयो ।

देशमा एकातिर कृषियोग्य भूमि बाँझो रहेको, मुलुकको विदेशी मुद्रा कृषि उपजको आयातमा बढी मात्रामा खर्च भइरहेको अवस्था विद्यमान छ भने अर्कोतिर बैदेशिक रोजगारको लागि युवाहरू विदेशिने क्रम बढी रहेको हुँदा कृषिमा आत्मनिर्भर हुन तथा युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न पनि कृषि क्षेत्रलाई उच्च प्राथमिकता राख्नु पर्ने उहाँले बताउनु भयो । कृषि क्षेत्रमा कर्जा विस्तार होस् भनी नेपाल सरकारले व्याज अनुदान प्रदान गर्ने व्यवस्था गरेकोले यसको प्रयोग गरी कृषकहरूले अधिकतम् लाभ लिनु पर्ने उल्लेख गर्दै यस्तो कर्जा कार्यक्रम अन्य जिल्लाहरूमा पनि विस्तार गर्न तथा अन्य बैंकहरूले पनि केन्द्रीय बैंकको यस नीतिलाई कार्यान्वयनमा ल्याउन उहाँले आग्रह गर्नु भयो ।

## JCI Siddharth, Nepal को ४१ औं पदस्थापन समारोहको उद्घाटन




गभर्नर डा. चिरंजीबि नेपालले सोही दिन JCI Siddharth, Nepal, सिद्धार्थनगरको ४१ औं पदस्थापन समारोहको समेत उद्घाटन गर्नुभयो । प्रमुख अतिथिको रूपमा मन्तव्य व्यक्त गर्नु हुँदै गभर्नर डा. नेपालले देशको आर्थिक उन्नतिका लागि व्यक्तिलाई स्वतन्त्र रूपमा काम गर्ने तथा व्यवसाय गर्ने अवसर प्रदान गर्नु आवश्यक रहेको उल्लेख गर्दै मानिस आफैमा सिर्जनशील प्राणी भएकाले अवसरहरू पनि आफैले पहिचान गर्न सक्ने तथ्यलाई मनन् गरी सकारात्मक सोचबाट अघि बढ्नु पर्ने, स्वदेशमै अवसरहरूको खोजी गर्नु पर्ने र सफल उद्यमी बन्नेतर्फ लाग्नु पर्ने बताउनु भयो । नेपालको आर्थिक नीतिको सार व्यक्तिको व्यवसाय गर्ने स्वतन्त्रताको सम्मान रहेको र JCI को प्रतिबद्धता पनि सोही आशयको रहेकोमा सन्तोष व्यक्त गर्नु हुँदै उहाँले नेपालका युवाले सोही अनुरूप भूमिका खेल्ने छन् भन्नेमा विश्वास व्यक्त गर्नु भयो । अवसरहरू स्वदेशमै रहेकोले आँट, धैर्यता र पहिचानको मात्र खाँचो रहेको बताउँदै गभर्नर डा. नेपालले JCI को आदेश प्रेरणाले नेपाली युवाहरू विदेशमा भौतारिनु नपर्ने अवस्था आउने समेत आशा व्यक्त गर्नुभयो ।

**२०७२ माघ १६, शनिबार**

**गभर्नरको कार्यालय**